# प्रदेश लोक सेवा आयोग

## कोशी प्रदेश, विराटनगर,नेपाल

### हलुका सवारी चालकको सेवा व्यक्ति करार सम्झौता मार्फत लिने सम्बन्धी सूचना

(सुचना नं. १०० /०७९-८० प्रकाशित मिति : २०७९/१२/०५)

यस आयोगमा रिक्त रहेको हलुका सवारी चालक पदको सेवा व्यक्ति-करार सम्झौता मार्फत प्राप्त गर्ने प्रयोजनार्थ "हलुका सवारी चालक (करार) छनौट गर्ने सम्बन्धी कार्यविधि, २०७८ (प्रथम संशोधन समेत)" बमोजिम उपयुक्त व्यक्ति छनौट गर्नु पर्ने भएकाले व्यक्ति करार सम्झौता मार्फत सेवा प्रदान गर्न इच्छुक योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा आयोगको कार्यालयमा आवेदन दिनुहुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलि पल्ट दरखास्त दिन सकिने छ।आवेदन फाराम आयोगको कार्यालयबाट निःशुल्क प्राप्त गर्न सकिनेछ वा वेवसाइट psc.p1.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

| सेवा प्रदान गर्नुपर्ने पद | आवश्यक संख्या |
|---|---|
| हलुका सवारी चालक | १ (एक) |

**१. आवश्यक योग्यता र अनुभवः**

क) १८ बर्ष उमेर पूरा भई ३५ बर्ष ननाघेको,

ख) नेपाली नागरिक,

ग) साधारण लेखपढ गर्न जान्ने,

घ) "ख" (B - Car, Jeep, Delivery Van) वर्गको सवारी चालक अनुमति-पत्र लिएको कम्तिमा पाँच बर्ष पूरा भएको ।

ङ) कुनै कानूनले अयोग्य नभएको ।

**२. आवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरुः** उम्मेदवारको व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, सवारी चालक अनुमतिपत्रको प्रतिलिपि, कार्यानुभव पत्रको प्रतिलिपी र आवेदन दस्तुर बुझाएको भौचरको सक्कलै प्रति नेपाली फाईलमा संलग्न राखी पेश गर्नु पर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ ।

**३. आवेदन दस्तुर सम्बन्धी व्यवस्थाः** प्रदेश लोक सेवा आयोगको नाममा रहेको राष्ट्रिय बाणिज्य बैङ्कको राजस्व खाता नं.१०००१००२०१०१०००१ राजस्व शिर्षक नं. १४२२४ (परीक्षा शुल्क) कार्यालय कोड २१०००१३०११ मा रु. २००।- जम्मा गरेको सक्कलै भौचर आवेदन फाराम साथ संलग्न गर्नु पर्नेछ ।

**४. छनौट सम्बन्धी व्यवस्थाः** आयोगबाट स्वीकृत कार्यविधि बमोजिम *(कार्यविधि आयोगको वेवसाइटमा उपलब्ध छ)* ।

**५. कार्य गर्नुपर्ने स्थानः** आयोगको कार्यालयले तोके बमोजिम ।

**६. पारीश्रमिक तथा अन्य सुविधाः** प्रचलित कानून बमोजिम गरिने करार सम्झौतामा उल्लेख भए अनुसार ।